# नेपाल ग्रामीण विकास बैंक लि.
# Nepal Grameen Bikas Bank Ltd.

नेपाल राष्ट्र बैंकबाट "घ" बर्गको इजाजतपत्र प्राप्त संस्था

बुटवल-१२, रूपन्देही, लुम्बिनी, फोनः ०७१-४३८९५१, ४३७५२९, ४३८९२९, फ्याक्सः ०७१-४३८९५४
Email: info@grameenbanknepal.com, Website: grameenbanknepal.com

## स्वामित्वमा रहेको रुरल माईक्रोफाईनान्स डेभलपमेन्ट सेन्टर लिमिटेड (आरएमडिसी) को संस्थापक समूहको शेयर लिलाम बढाबढ प्रक्रियाद्वारा बिक्री गर्न विद्यमान संस्थापक तथा सर्वसाधारणको लागि शीलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरू मिति : २०७४/०३/१२**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७४/०३/१९**

यस नेपाल ग्रामीण विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको रूरल माईक्रो फाईनान्स डेभलपमेन्ट सेन्टर लिमिटेड (आरएमडिसी) को संस्थापक समूहतर्फको **८८,५६४.७४** कित्ता शेयर लिलाम बढाबढको प्रक्रियाबाट रूरल माईक्रोफाईनान्स डेभलपमेन्ट सेन्टर लिमिटेड (आरएमडिसी) को संस्थापक समूहको शेयर लगतमा कायम रहेका विद्यमान संस्थापक शेयरधनी लगायत अन्य इच्छुक व्यक्ति, फर्म, कम्पनी तथा संगठित संस्थालाई प्रचलित नियम कानून तथा नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको निर्देशन-२०७३ को निर्देशन नं. १०/०७३ मा भएको व्यवस्थाको अधिनमा रही संस्थापक समूहको शेयर सोही समूहमा नै रहने गरी लिलाम बढाबढ प्रक्रियाद्वारा बिक्री गर्न यस ग्रामीण विकास बैंकको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरू खरीद गर्न ईच्छुक विद्यमान संस्थापक शेयरधनी लगायत अन्य इच्छुक व्यक्ति, फर्म, कम्पनी तथा संगठित संस्थाले मिति २०७४/०३/१९ गतेभित्र यस निष्काशनको लागि नियुक्त बिक्री प्रवन्धक श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

**विद्यमान संस्थापक शेयरधनी लगायत अन्य इच्छुक व्यक्ति, फर्म, कम्पनी तथा संगठित संस्थालाई**
**बिक्रीको लागि प्रस्ताव गरिएको शेयर संख्या : ८८,५६४.७४ कित्ता**

**शर्तहरू:**

१. बोलपत्र आवेदन फाराम एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंबाट रू. १००।- नगद भुक्तानी गरी प्राप्त गर्न सकिनेछ ।

२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रू. ५०१/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले शेयर खरीदको लागि एउटा मात्र आवेदन फाराम पेश गर्नुपर्नेछ । साथै, बोलपत्र फाराम लाहाछाप लगाई शीलबन्दी गरिएको हुनुपर्नेछ ।

३. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर संख्या तथा आफुले कबोल गरेको प्रति कित्ता दर अङ्क र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अङ्क र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन ।

४. बोलपत्रदाताले बोलपत्र आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । साथै, बोलपत्रदाताले आफ्नो हितग्राही खाता नं. (Demat Account No.) अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । हितग्राही खाता उल्लेख नभएको आवेदनलाई बाँडफाँडमा समावेश गरिने छैन ।

५. संस्थापक शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाता (व्यक्ति) ले कर्जा सूचना केन्द्र लिमिटेडबाट कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि तथा आयश्रोतको विवरण, आ.व. २०७२/०७३ को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि, आफ्नो नामको वा आफ्नो नाममा रहेको व्यवसायको प्यान नं. समेत संलग्न गर्नुपर्नेछ । साथै, आफ्नो आयश्रोतको विवरण वा आयको स्वःघोषणा समेत पेश गर्नुपर्नेछ ।

६. बोलपत्र पेश गर्दा न्यूनतम १,००० कित्ता वा सो भन्दा बढीको लागि १० अंकको गुणाङ्कमा नेपाल राष्ट्र बैंकले तोकेको प्रति व्यक्ति/संस्थाको सीमाको अधिनमा रहने गरी अधिकतम **८८,५६४.७४** कित्ताका लागि आवेदन दिन सकिनेछ । रूरल माईक्रो फाईनान्स डेभलपमेन्ट सेन्टर लिमिटेड (आरएमडिसी) मा कायम रहेको शेयर र खरीद गर्न चाहेको शेयर समेत गरी कूल शेयर संख्याको २ प्रतिशत भन्दा बढी शेयर कायम रहने गरी शेयर खरीद गर्न चाहेमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृतिपत्र समेत पेश गर्नुपर्नेछ । रू. १० लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रूपमा र रू. १० लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रूपमा आफ्नो प्यान नं. उल्लेख गर्नुका साथै सो को प्रतिलिपि समेत आवेदन फारमसाथ संलग्न गर्नुपर्नेछ ।

७. शेयर आवेदन फाराम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रूपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्य तथा शेयर नामसारी गर्दा तिर्नु बुझाउनुपर्ने ब्रोकरेज, सेबोन, कमिसन र डिपोजिटरी लगायत सम्पूर्ण दस्तुर र शुल्क गरि सम्पूर्ण रकम **NMBCAPITAL LIMITED- ISSUE ACCOUNT** नाममा एनएमबि बैंक लिमिटेडमा रहेको खाता नं. **००१००१०००५४०१००००००३** मा धरौटी वापत जम्मा गरेको सक्कल नगद भौचर संलग्न गर्नुपर्नेछ । साथै, चेकको माध्यमबाट आवेदन गर्नेको हकमा एनएमबि क्यापिटल लिमिटेडको नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको **Good For Payment** गरिएको **A/C Payee Cheque** मात्र संलग्न गर्नुपर्नेछ । सो नभएको चेकलाई मान्यता दिईने छैन । साथै **Good For Payment** गर्दा लाग्ने शुल्क तथा रू. २ लाख भन्दा बढी रकमको **Good For Payment** को चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ ।

८. बोलपत्रदाता (संस्थापक शेयरधनी) संगठित संस्था, फर्म, वा कम्पनीभएमा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय, अख्तियारनामाको प्रतिलिपि, संस्था प्रमुखको विवरण संलग्न गरी आवेदन पेश गर्नुपर्नेछ ।

९. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर "**नेपाल ग्रामीण-शेयर खरीद आवेदन (संस्थापक समूह)**" उल्लेख भएको हुनुपर्नेछ ।

१०. बोलपत्र मिति २०७४/०३/१९ गते सोमवार दिनको ३:०० बजेभित्र एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौमा दर्ता भई सक्नुपर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन ।

११. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

१२. प्राप्त शिलबन्दी बोलपत्रहरू मिति २०७४/०३/२० गते मंगलवार अपरान्ह ४:०० बजे एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौमा बोलपत्रदाता वा निजद्वारा लिखित रूपमा नियुक्त प्रतिनिधिको उपस्थितिमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन सार्वजनिक बिदा परेमा सो पछिको कार्यालय खुलेको दिन अपरान्ह ४:०० बजे एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौमा बोलपत्र खोलिनेछ ।

१३. प्राप्त बोलपत्रहरूको छानविन गरी रितपूर्वक प्राप्त बोलपत्रहरूमध्ये सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बाँडफाँड गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको बढी रकम कबोल गर्नेलाई क्रमशः बाँडफाँड गरिनेछ । बोलकबोलमा शेयर बिक्रि गर्दै जाँदा एउटै मूल्यमा दुई वा दुई भन्दा बढी बोलपत्र आवेदनहरू पर्न गई बाँडफाँड हुन बाँकी शेयर भन्दा बढीको माग भएमा माग गरेको शेयरको आधारमा समानुपातिक रूपमा शेयर बाँडफाँड गरिनेछ ।

१४. बाँडफाँडमा परेका बोलपत्रदाताहरूलाई शेयर बाँडफाँड गर्नुपूर्व नियमनकारी निकायको स्वीकृति आवश्यक पर्ने भई बोलपत्रदाताहरूको विवरण सो निकायमा पेश गर्दा कथंकदाचित नियमनकारी निकायबाट स्वीकृति प्राप्त नभएमा वा माग गरेको रकममध्ये आंशिक रकमको लागि मात्र स्वीकृति प्राप्त भएमा सोही अनुसार बाँडफाँड गरिनेछ । यसरी गरिएको बाँडफाँड बोलपत्रदातालाई स्वीकार्य हुनुपर्नेछ ।

१५. बाँडफाँडमा परेका आवेदक संस्थापक शेयरधनीहरूलाई निजको नाममा बाँडफाँडमा परेको शेयर निजको हितग्राही खातामा जम्मा गर्नकालागि धितोपत्र दलाल (स्टक ब्रोकर) मार्फत कारोवार गराई जम्मा गरिने भएकाले सो कारोवार गर्दा प्रचलित कानून बमोजिम लाग्ने शुल्क तथा कमिशन सम्बन्धित खरीदकर्ता शेयरधनीले नै व्यहोर्नुपर्नेछ । बिक्रेताको लागि लाग्ने उपरोक्त शुल्क, कमिशन तथा पूँजीगत लाभ कर भने नेपाल ग्रामीण विकास बैंकले नै व्यहोर्ने छ ।

१६. शेयरको खरीद कारोवार एकै ब्रोकरबाट गरिने भएकाले प्रत्येक बोलपत्र संस्थापक शेयरधनीले बोलपत्र फारमसाथ उपलब्ध गराईएको स्टक ब्रोकरको ग्राहक परिचय विवरण तथा खरीद विक्री आदेश समेत स्पष्ट रूपमा भरी अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ र सो हुने कारोबार सफल आवेदकलाई मान्य हुनेछ ।

१७. दरखास्त फारामसाथ बुझाएको अन्य शुल्क तथा दस्तुर नपुग भएमा वा केही करणबस परिवर्तन हुन गएमा सो पुनः माग गर्न कुनै बाधा पर्ने छैन ।

१८. शेयर नामसारी गर्दा तिर्नु बुझाउनुपर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क निवेदक स्वयंलेनै व्यहोर्ने छ ।

१९. संस्था भन्नाले नेपालको प्रचलित कानून बमोजिम स्थापना भएका र बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा लगानी गर्न पाउने संगठित संस्था सम्झनु पर्नेछ ।

२०. बोलपत्र आवेदनहरूमध्ये बाँडफाँडमा नपरेका आवेदकहरूको बोलकबोल वापत जम्मा भएको रकम तथा बोलकबोलसाथ बुझाएको अन्य शुल्क तथा दस्तुर शेयर बाँडफाँड गरिएको दिनको तेस्रो दिनदेखि आवेदन बुझाएको संकलन केन्द्र मार्फत फिर्ता भुक्तानी गरिनेछ । साथै, यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

२१. कथंकदाचित शेयर खरीदको लागि कुनै बोलपत्र पेश हुन नआएमा वा बिक्री गरिने सम्पूर्ण शेयरका लागि बोलपत्र पेश हुन नआएमा वा आंशिक बोलपत्र पेश भई बाँकी रहन जाने भएमा यस ग्रामीण विकास बैंकको सञ्चालक समितिको निर्णय बमोजिम हुनेछ । शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्न सक्ने वा बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार यस ग्रामीण विकास बैंकको सञ्चालक समितिमा रहनेछ ।

NMB CAPITAL LIMITED

**बिक्री प्रबन्धक:**

**एनएमबि क्यापिटल लिमिटेड**
नागपोखरी, काठमाडौं, नेपाल
फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np, Url: www.nmbcl.com.np

# संसोधन बारे

नेपाल ग्रामीण विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको रुरल माईक्रो फाईनान्स डेभलपमेन्ट सेन्टर लिमिटेड (आरएमडिसी) को संस्थापक समूहतर्फको ८८,५६४.७४ कित्ता शेयरको लिलाम बढाबढबाट बिक्री गर्ने सम्बन्धी मिति २०७४/०३/०५ गतेको "अभियान" र "कारोबार" दैनिकमा प्रकाशित सूचनाको बुदाँ नं ५ तपसिल बमोजिम संसोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

५. संस्थापक शेयर खरीदगर्न ईच्छुक बोलपत्रदाता (व्यक्ति) ले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूची ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, आ.व. २०७२/०७३ को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि, आफ्नो नामको वा आफ्नो नाममा रहेको व्यवसायको प्यान नं. का साथै नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । साथै, आफ्नो आयश्रोतको विवरण वा आयको स्वःघोषणा समेत पेश गर्नुपर्नेछ ।

NMB CAPITAL
LIMITED

बिक्री प्रबन्धक:

**एनएमबि क्यापिटल लिमिटेड**
नागपोखरी, काठमाडौं, नेपाल
फोन नं. ४४३७९६३ फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np Url: www.nmbcl.com.np